फोनः ०५६-४१०१२२/४१०१११
इमेलः ichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

प.सं.२०८०/०८१ मितिः२०८०/०८/२५

## प्रस्ताव आह्वानको सूचना
प्रथम पटक प्रकाशित मितिः२०८०/०८/२५

इच्छाकामना गाउँपालिका, पशुपन्छी विकास शाखा, कुरिनटार, चितवनको आ.व.२०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सशर्त अनुदान तर्फको **बाखापालन प्रवर्द्धन कार्यक्रम**लाई सञ्चालन तथा कार्यान्वयन गर्नु पर्ने भएकाले यस गाउँपालिका भित्रका इच्छुक बाखा पालक कृषक समुह/सहकारी/फर्महरुले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र ( मिति २०८०/०९/१६ सम्म ) कार्यालय समयमा आइपुग्ने गरी तोकिएको ढाँचा र उल्लेखित कागजात सहित गाउँपालिकामा प्रस्ताव दर्ता गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।साथै रित नपुगी दर्ता भएका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैन ।

| क.स. | कार्यक्रम शिर्षक | जम्मा बिनियोजित बजेट रु. | अनुमानित बजेट रु. | परिमाण | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| क | बाखा पालन प्रवर्द्धन कार्यक्रम | ३० लाख | | | कार्यविधि र तोकिएको मापदण्ड बमोजिम ५०% लागत साझेदारीमा ३ प्रकारका बाखा खोरहरु निर्माण गरिने। एक समुह/सहकारी /फर्म बराबर स्थिति हेरी प्रत्येक नमुना खोर बनाउन अधिकतम रु.१ लाख, साना खोर बनाउन अधिकतम रु. ५० हजार र अन्य साधारण खोर बनाउन अधिकतम रु. २५ हजार सम्म गा.पा.को तर्फबाट अनुदान दिन सकिने । |
| १ | नमुना बाखा खोर निर्माण | | ७ लाख | प्रत्येक वडामा १/१ वटा गरी जम्मा ७ वटा | |
| २ | साना बाखा खोर निर्माण तथा सुधार | | १४ लाख | गा.पा.भरी २८ वटा | |
| ३ | साधारण बाखा खोर निर्माण तथा सुधार | | ७ लाख | गा.पा.भरी २८ वटा | |
| ४ | बाखा पालन तथा फार्म व्यवस्थापन सम्बन्धि तालिम | | १ लाख | ७ वटै वडामा | |

<u>आवश्यक कागजात/मापदण्ड</u>

१.तोकिएको ढाँचामा आवेदन
२.अनुसूची-१ बमोजिमको प्रतिबद्धता पत्र
३.नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
४.सम्बन्धित वडा कार्यालयको सिफारिस
५.समुह/सहकारी/फर्म दर्ताको प्रमाण पत्र ( नविकरण रसिद सहित) को प्रतिलिपि
६.स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
७.संस्था (समुह/सहकारी ) को हकमा बैठकको निर्णय
८.बिगत वर्षहरुमा सोहि प्रकृतिका कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको हुनुपर्ने ।
**९.निर्माण गर्न प्राविधिकले तोकिए बमोजिमको मापदण्ड, लागत इष्टिमेट र स्थानीय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०** मा आधारित भई कृषकले निर्माण गर्नु पर्ने।
१०.एक फर्म/समुह/सहकारीले खोरको प्रकार अनिवार्य जनाउनु पर्ने र खोरको एक शिर्षकमा मात्र आवेदन दिनुपर्ने ।
११.नमुना बाखा खोर निर्माणको लागि न्युनतम ६० वटा बाखा हुनुपर्ने ।
१२.साना खोर निर्माण गर्न न्युनतम १० माउ बाखा र अन्य साधारण खोर बनाउन ५ माउ बाखा अनिवार्य पालेको हुनुपर्ने।
१३.गरिब तथा बिपन्न परिवारको हकमा साधारण बाखा खोर निर्माण गर्न फर्म दर्ता, स्थायी लेखा न. र नविकरणका लागि अत्यावश्यक ठहरिएमा आवश्यक सहजिकरण गाउँपालिकाले गर्नेछ ।

**नोटःथप जानकारीको लागिः९८४५६५२३४७, ९८६५५०५५०६, ९८६२०९९८६१**

२०८०।८।२५
जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

"सुखी, खुशी र समृद्ध इच्छाकामना ! कृषि, पर्यटन र पूर्वाधार विकास हाम्रो चाहना !! "

## तोकिएको ढाँचाको निवेदन

मितिः२०८०/   /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
इच्छाकामना गाउँपालिका
कुरिनटार. चितवन

बिषयः प्रस्ताव पेश गरिएको सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस इच्छाकामना गाउँपालिकाबाट मिति २०८०/   / मा प्रकाशित सार्वजनिक सूचना बमोजिम आवश्यक कागजात सहित मेरो/हाम्रो कृषि फार्म/समूह/सहकारीका सदस्यहरुले.............................................................................................. कार्यक्रम अन्तर्गत .........................................................................क्रियाकलाप सञ्चालन गर्न इच्छुक भएकाले कार्यक्रममा सहभागी गराई दिनुहुन देहायका विवरण सहित यो निवेदन पेश गरेको/गरेका छु /छौं

फर्म/समुह/सहकारी/को नामः
संचालक/मुख्य व्यक्तिको नामः
हालको ठेगानाः
स्थायी ठेगानाः
दर्ता नः
बाख्राको संख्याः
बाख्रा खोरको वर्तमान स्थितिः
बनाउनु पर्ने बाख्रा खोरको प्रकारः
सुधार गर्नु पर्ने कुराः
निर्माण लागत अनुमानः
सम्पर्क नः

........................
निवेदकको हस्ताक्षर

<u>अनुसूची-१</u>

<u>दफा ४ सँग सम्बन्धित</u>

<u>प्रतिवद्धता पत्र</u>

इच्छाकामना गाउँपालिकाको मिति २०८०/०८/२५ को सूचनानुसार बाख्रापालन प्रवर्द्धन कार्यक्रम सञ्चालन सहभागिताको लागि ईच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/गरेका छु/छौं ।उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिम कार्य गर्नेछु ।कार्ययोजना अनुसारको कार्य नगरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौं ।अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला ।साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुराउने व्यहोरा तथा प्रतिवद्धता समेता व्यक्त गर्दछु/छौं ।

<u>आवेदकको तर्फबाट</u>

नामः

पदः

स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नः

दस्तखतः

मितिः

छापः

| दाँया | बाँया |
| --- | --- |
| | |